# प्रतिस्पर्धा अभावमा उपभोक्ता पीडित

**अन्नपूर्ण समाचारदाता**

**काठमाडौं,** २७ असार : स्वच्छ प्रतिस्पर्धात्मक बजारको अभावले उपभोक्ता पीडित भएको निष्क र्ष निकालिएको छ। खुला बजार प्रणाली भनिए पनि व्यापारीहरूको सिन्डिकेट र कार्टेलिङका कारण उपभोक्ता पीडित छन्। अहिले बजारमा उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने अवस्था छ।

साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भाइरोमेन्ट (सावती) र वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले राजधानीमा बुधबार आयोजना गरेको 'प्रतिपस्र्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ कार्यान्वयनका लागि बन्न लागेको निर्देशिका, २०६९' का बारेमा गरिएको छलफलका सहभागीले यस्तो निष्कर्ष निकालेका हुन्।

स्वच्छ प्रतिस्पर्धात्मक बजार अभावमा उपभोक्ता सिन्डिकेट तथा कार्टेलिङबाट पीडित भई बढी मूल्य तिर्न बाध्य भएको बताउँदै उनीहरूको स्वच्छ प्रतिस्पर्धात्मक बजारको आवश्यकता औंल्याए। 'मुलुकमा कार्टेलिङ र सिन्डिकेट प्रणालीले गर्दा उपभोक्ता ठगिएका छन्', वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका महानिर्देशक नारायणप्रसाद बिडारीले भने, 'तसर्थ उपभोक्ताको हितका लागि स्वच्छ र प्रतिस्पर्धात्मक बजारको आवश्यकता अहिले मुलुकमा छ।' स्वच्छ प्रतिस्पर्धात्मक बजारका लागि निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै महानिर्देशक बिडारीले निजी क्षेत्रले पनि आफ्ना लागि आचारसंहिता बनाएर काम गरेमा उपभोक्तालाई मात्र नभई निजी क्षेत्रलाई पनि फाइदा हुने बताए।

नेपालमा स्वतन्त्र तथा स्वच्छ बजार अर्थतन्त्र नियमन गर्न प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ तथा त्यसकै लागि नियमावली, २०६६ सालमा आएको थियो। तर निर्देशिकाको अभाव कार्यान्वयनमा आउन नसकेको सरोकारवालाको भनाइ छ। 'ऐनमा रहेका विषयको व्याख्या गर्नमा समस्या आएका कारण प्रतिपस्र्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को सही कार्यान्वयन जान निकै कठिन भएको छ', वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव लालमणि जोशीले भने, 'निर्देशिकामा उल्लेखित विषय स्पष्ट व्याख्या भएर आएमा कार्टेलिङ र सिन्डिकेटको अन्त्य गर्न सकिनेछ।'

कार्यक्रममा साउतीका प्रतिस्पर्धा कानुनविज्ञ अधिवक्ता अपूर्व खतिवडाले ऐनमा रहेका विभिन्न अस्पष्ट बुँदाहरूबारे उल्लेख गर्दै त्यसको सही व्याख्या गर्नका लागि निर्देशिकाको आवश्यकता बताए।

कार्टेलिङ तथा सिन्डिकेट नेपालमा उपभोक्ता ठगिनुको एक प्रमुख कारणको रूपमा रहेको छ। अधिवक्ता खतिवडाका अनुसार मुलुकभरमा वार्षिक चारदेखि पाँच अर्ब रुपैयाँ उपभोक्ताले वार्षिक कार्टेलिङ तथा सिन्डिकेटका कारण गुमाएका छन्। विज्ञहरू भन्छन् जानेर वा नजानेर कार्टेलिङ तथा सिन्डिकेटको प्रयोग मुलुकभरमा भएको पाइन्छ। जरा गाडेर बसेको यसलाई हटाउन त्यति सजिलो नभएको उनीहरूको भनाइ छ।

कार्यक्रमका वक्ताले अब आउने निर्देशिका स्पष्ट, सामान्य मानिसले पनि बुझ्न सक्ने खालको हुनुपर्नेमा जोड दिएका थिए। यसरी विचार राख्नेहरूमा साउतीका अध्यक्ष डा. पोषराज पाण्डे, आपूर्ति मन्त्रालयका पूर्वसचिव पुरुषोत्तम ओझा, सर्वोच्च अदालतका पूर्वरजिस्ट्रार डा. रामकृष्ण तिमिल्सिनालगायत थिए।